# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, कात्तिक २९ गते, २०८१ साल (संख्या ३८


## भाग ३

### नेपाल सरकार

### परराष्ट्र मन्त्रालयको

### सूचना

**<u>राहदानी (दोस्रो संशोधन) नियमावली, २०८१</u>**

राहदानी नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राहदानी ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "राहदानी (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राहदानी नियमावली, २०७७ को नियम १० को खण्ड (ढ) मा संशोधनः** राहदानी नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० को खण्ड (ढ) मा रहेका "प्रदेश न्याय सेवा आयोगका अध्यक्ष," भन्ने शब्दहरूपछि "उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक," भन्ने शब्दहरू थपिएका छन्।

३. **मूल नियमावलीको नियम १३क. थपः** मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क. थपिएको छः-

"१३क. **विशेष अवस्थामा साधारण वा अस्थायी राहदानी जारी गर्न सकिनेः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस नियम बमोजिम विशेष राहदानी जारी हुने पदाधिकारीलाई कुनै कारणवश विशेष राहदानी जारी गर्न सकिने अवस्था नभएमा विभागले निर्णय गरी अनुसूची-४ बमोजिमको दस्तुर लिई साधारण राहदानी वा अस्थायी राहदानी जारी गर्न सक्नेछ ।

(२) विभागले आवश्यकताको आधारमा उपनियम (१) बमोजिम जारी गरिने राहदानीको बहाल अवधि निर्धारण गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस नियम बमोजिम जारी गरिने राहदानीको प्रयोग तथा राहदानी जारी गर्ने प्रक्रिया विशेष राहदानी सरह हुनेछ।”

४. **<u>मूल नियमावलीको नियम १६ मा संशोधनः</u>** मूल नियमावलीको नियम १६ को उपनियम (१) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएका छन्ः-

"(च) वैदेशिक रोजगारमा जाने कामदारको राहदानीको बहाल अवधि निजको वैदेशिक रोजगारको लागि स्वीकृत अवधिभन्दा कम भएको प्रमाणसहित नयाँ राहदानीको लागि निवेदन दिएमा,

(छ) विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने विद्यार्थीको राहदानीको बहाल अवधि निजको अध्ययन अवधि भन्दा कम भएको प्रमाणसहित नयाँ राहदानीको लागि निवेदन दिएमा।"

५. **<u>मूल नियमावलीको नियम २२ मा संशोधनः</u>** मूल नियमावलीको नियम २२ को उपनियम (७) मा रहेका "तीन महिनाको" भन्ने शब्दहरूको सट्टा "छ महिनाको" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल नियमावलीको अनुसूची -४ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची-४ को सट्टा संलग्न अनुसूची-४ राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-४

(नियम ४ को उपनियम (२) को खण्ड (ज), नियम ५ को खण्ड (ङ), नियम ६ को उपनियम (४) र (६), नियम १६ को उपनियम (३) र (४), नियम १३क. को उपनियम (१), नियम १९ को उपनियम (१), नियम २१ को उपनियम (२), नियम २२ को उपनियम (५), नियम २३ को उपनियम (१) र नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

**दस्तुर**

१. साधारण राहदानीको लागिः

(क) विभाग वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिँदा देहायको राहदानीको लागि देहाय बमोजिमः-

(१) नियम ६ को उपनियम (४) बमोजिम राहदानीको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकोमा चौतिस पृष्ठको हकमा पाँच हजार रुपैयाँ र छैसट्ठी पृष्ठको हकमा दश हजार रुपैयाँ,

(२) नियम ६ को उपनियम (६) बमोजिम राहदानीको लागि विभागमा निवेदन दिएकोमा चौतिस पृष्ठको हकमा बाह्र हजार रुपैयाँ र छैसट्ठी पृष्ठको हकमा बिस हजार रुपैयाँ,

(३) राहदानी हराएको, पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानी प्रयोग हुन नसक्ने भएकोमा यस खण्ड बमोजिम लाग्ने दस्तुरमा थप पाँच हजार रुपैयाँ।

(ख) उत्तर र दक्षिण अमेरिकी महादेश अन्तर्गतका देशहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, जापान, दक्षिण कोरिया र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हङकङस्थित नेपाली नियोगमा निवेदन दिँदा प्रति राहदानी चौतिस पृष्ठको हकमा एक सय पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा र छैसट्ठी पृष्ठको हकमा दुई सय अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।

(ग) रूसी महासङ्घ र नेपाली राजदूतावास मस्कोको सहप्रमाणीकृत मुलुक र साइप्रसको लागि नेपाली नियोगमा निवेदन दिँदा प्रति राहदानी चौतिस पृष्ठको हकमा असी युरो वा सो बराबरको स्थानीय मुद्रा र छैसट्ठी पृष्ठको हकमा एक सय तीस युरो वा सो बराबरको स्थानीय मुद्रा।

(घ) खण्ड (ग) बाहेकका युरोपेली देश स्थित नेपाली नियोगमा निवेदन दिँदा प्रति राहदानी चौतिस पृष्ठको हकमा एक सय बिस युरो वा सो बराबरको स्थानीय मुद्रा र छैसट्ठी पृष्ठको हकमा एक सय सत्तरी युरो वा सो बराबरको स्थानीय मुद्रा।

(ङ) मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब ईमिरेट्स, बहराइन, लेबनान, इराक, इरान, कुवेत, इजरायल, सिरिया, जोर्डन, ओमान र यमनस्थित नियोग र सो नियोगको सहप्रमाणीकृत मुलुकको लागि नियोगमा निवेदन दिँदा प्रति राहदानी चौतिस पृष्ठको हकमा पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा र छैसट्ठी पृष्ठको हकमा एकसय अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।

(च) खण्ड (ख), (ग) र (ङ) बाहेकका अन्य एसियाली, अफ्रिकी र बाँकी सबै देशस्थित नियोगमा निवेदन दिँदा प्रति राहदानी चौतिस पृष्ठको हकमा असी अमेरिकी डलर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा सो बराबरको स्थानीय मुद्रा र छैसट्ठी पृष्ठको हकमा एक सय तीस अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।

(छ) राहदानी हराएको, पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानी प्रयोग हुन नसक्ने भएकोमा नियोगबाट नयाँ राहदानी लिनु पर्दा खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको दस्तुरमा सोही खण्डमा उल्लेख भएको दस्तुरको पचास प्रतिशतका दरले हुने रकम थप दस्तुर।

(ज) दश वर्षभन्दा कम उमेरका नाबालकको राहदानीको लागि निवेदन दिँदा खण्ड (क) को उपखण्ड (१), खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम लाग्ने दस्तुरको आधा रकम।

तर दश वर्षभन्दा कम उमेरका नाबालकले खण्ड (क) को उपखण्ड (२) बमोजिम राहदानीको लागि विभागमा निवेदन दिँदा चौतिस पृष्ठको राहदानीको हकमा नौ हजार पाँच सय रुपैयाँ र छैसट्ठी पृष्ठको राहदानीको हकमा चौध हजार पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

(झ) नियम १३क. को उपनियम (१) बमोजिम जारी गरिने साधारण वा अस्थायी राहदानीको हकमा एक सय रुपैयाँ ।

२. यात्रा अनुमतिपत्रको लागि:

(क) विभागबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्रको चार हजार रुपैयाँ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नियोगबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्रको पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।

३. विभागबाट जारी गरिने सिम्यान्स अभिलेख किताब (सिम्यान्स पासपोर्ट) को लागि बाह्र हजार रुपैयाँ र नियोगबाट जारी गरिने सिम्यान्स अभिलेख किताब (सिम्यान्स पासपोर्ट) को लागि एक सय बिस अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।

४. नियम १९ बमोजिम जारी गरिने अस्थायी राहदानीको लागि पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।"

**आज्ञाले,**

**सेवा लम्साल**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।